संघीय संसद्
# राष्ट्रिय सभा
## पाँचौं अधिवेशन
## बैठक - १७
# सूचना पत्र - २
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ फागुन ०६ गते मङ्गलबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **सत्रौं** बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. नैनकला ओझा**ले माननीय शिवमाया तुम्बाहाङ्फे कानून, न्याय तथा संसदीय मामिला मन्त्री बन्नुभएकोमा शुभकामना प्रदान गर्नुभयो ।

**मा. प्रकाश पन्थ**ले संवैधानिक आयोगहरू तथा विश्वविद्यालयहरू पदाधिकारी वा नेतृत्वविहीन भएकोमा त्यस्ता आयोग तथा विश्वविद्यालयले पूर्णता नपाउनुको कारण सरकार समक्ष माग गर्नुभयो ।

**मा. बलरामप्रसाद बाँस्कोटा**ले चीनको कोरोना भाइरस संक्रमित क्षेत्रबाट १७५ जना नेपाली नागरिकको उद्धार गरी नेपाल ल्याइएकोमा सरकारलाई धन्यवाद ज्ञापन गर्नुहुँदै क्वारेन्टाइनमा राखिएका ती नागरिकको अवस्था जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठन सम्बन्धी प्राप्त हुन आएको निम्न व्यहोराको पत्र पढेर सुनाउनुभयो :

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री के.पी शर्मा ओलीज्यूको नेतृत्वमा मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय डा. शिवमाया तुम्बाहाङ्फेज्यूलाई मन्त्री पदमा नियुक्त गरी हाल माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकालज्यूले सम्हाल्दै आउनु भएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध छ ।

(डा. हरि पौडेल)

मितिः २०७६ फागुन ५" सचिव

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७५/०७६" लाई सभामा पेश गर्न अनुमति दिनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "पारमाणविक विधेयक, २०७५" लाई टेबुल गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेलाई "भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत

गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य भागवत ज्ञवालीको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो ।

**शोक प्रस्ताव**

"वि.स. २०४८ सालको आम निर्वाचनमा गुल्मी जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित भागवत ज्ञवालीको ७५ वर्षको उमेरमा मिति २०७६ साल फागुन ६ गते उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

स्व. ज्ञवाली नेपाली काँग्रेस गुल्मी जिल्लाको संस्थापक सभापति हुनुहुन्थ्यो ।

यो बैठक दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावलाई पारित गरिदिन आग्रह गर्नुहुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सभाले स्व. भागवत ज्ञवालीको आत्माको चीर-शान्तिको लागि उठेर एक मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७६ साल फागुण ०८ गते दिनको १:०० बजे बस्ने गरी दिनको १:२० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव